# चुनौती र अवसरबीच 'एसडीजी'को स्थानीयकरण यात्रा



महेशप्रसाद देव

सन् २०३० सम्ममा दिगो विकास लक्ष्य (एसडीजी) पूरा गर्ने होडमा विश्व नै लागिरहेको छ । नेपालले पनि विगत छ-सात वर्षदेखि 'एसडीजी' हासिल गर्नका लागि मेहनत गरिरहेको छ । एसडीजीका कुल १७ वटा लक्ष्य छन्, ती सबै लक्ष्य हरेक देशमा लागू नहुन पनि सक्छन्, तर एकाधबाहेक धेरैजसो लक्ष्यहरू धेरै देशका लागि लागू हुन्छन् । नेपालमा पनि समुद्रसम्बद्ध लक्ष्यबाहेक अन्य १६ वटा लक्ष्यहरू नेपालको विकास र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित छन् ।

ती लक्ष्यहरू के के हुन्, तीअन्तर्गत के के सूचक र उपसूचक तय गरिएका छन् आदिजस्ता व्याख्यात्मक कुरा गर्नु यस आलेखको उद्देश्य होइन । यहाँ त केवल ती सबै लक्ष्यहरूलाई प्रदेश तह र स्थानीय तहका सरकारमा कसरी पुर्‍याउने र त्यस कार्यका लागि मुख्य समस्याहरू के के छन् भन्ने विषयमा स्थलगत भ्रमणपछिका केही अनुभूति समेटिने प्रयास गरिएको छ ।

> 'नेपालमा पनि समुद्रसम्बद्ध लक्ष्यबाहेक अन्य १६ वटा लक्ष्यहरू नेपालको विकास र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित छन् ।'

## घुमाइ मधेस प्रदेशको

आफ्नै प्रदेश भएको नाताले गर्दा पनि मैले केही समयअघि सन्दर्भवश भनौं वा मौकावश यस प्रदेशका विभिन्न चारवटा जिल्लाको भ्रमण गर्ने अवसर पाएँ । बारा, धनुषा, सिरहा र सप्तरी मैले भ्रमण गरेका जिल्लाहरू थिए । ती जिल्लाका नगर तथा गाउँ गरी विभिन्न पालिकाहरूमा भ्रमण गरी दिगो विकास लक्ष्यमा स्थानीय बुझाइ, हालसम्मको स्थानीयकरणको प्रयास र ती पालिकाका जनप्रतिनिधि तथा कर्मचारीले भोगेका वा अनुभव गरेका कुराहरूलाई ज्यादै संक्षिप्तमा यहाँ राख्न मन लाग्यो । कुरा राख्ने क्रममा म पालिकाका नाम र व्यक्तिका नाम विविध कारणबाट राख्न असमर्थ छु । पाठक महोदयले कुरा बुझिदिनु हुनेछ ।

## एसडीजीको यात्रा

नेपालमा राष्ट्रिय योजना आयोगले एसडीजीको 'फोकल संस्था'को रूपमा काम गरिरहेको छ । माथि पनि भनियो करिब छ-सात वर्षदेखि यसरी काम गर्न थालिएको छ । नेपालका

लागि किन एसडीजी महत्वपूर्ण छ, कसरी नेपालमा एसडीजीका विश्व-लक्ष्यहरूलाई आत्मसात गर्न सकिन्छ र ती लक्ष्यहरूलाई राष्ट्रियरूपबाट हासिल गर्नका लागि के के गर्नुपर्छ, कसरी गर्नुपर्छ, कस-कसले के गर्नुपर्छ र कस्तो भूमिका निर्वाह गर्नुपर्छ आदि कुराको व्याख्या पनि राष्ट्रिय योजना आयोगले गरिसकेको छ । अझ सन् २०२१ मा एउटा विस्तृत पुनरावलोकन पनि गरिसकेको छ । पुनरावलोकनले पनि भनेकै छ, 'दिगो विकासको पहललाई स्थानीयस्तरमा पुऱ्याउन ढिला भइसक्यो' ।

लामो समयसम्म एसडीजीको यात्रा केन्द्रमा नै अड्क्यो । केन्द्रमा अड्केको यात्रा प्रदेशमा समेत अझ राम्रोसँग पुगेको छैन । प्रदेशमा नपुगी ७५३ पालिकामा कसरी पुग्ला ? नेपालमा एसडीजीको यात्रा कछुवाको गतिमा मात्र रहयो भनेर धेरै विकासविदले भन्ने गरेका छन् । नेपाल सहभागीमुलक कार्य समूह (नेपान) ले गत वर्ष 'सहभागिता' विकास पत्रिकाको वार्षिक विशेष अङ्क नै यसै विषयमा निकालेर राष्ट्रको ध्यान त्यसतर्फ तान्ने विशेष प्रयास गरेको छ । विकासकर्मीमाझ एसडीजी जिब्रोमा झुन्डिने शब्द भए पनि प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधिहरूमा एसडीजीले खासै डेरा जमाउन सकेको छैन । मैले स्थलगत अध्ययन भ्रमण गर्दा त्यो कुराको अनुभूति अझ दह्रो रूपमा गरेँ । विभिन्न व्यक्तिहरूसँग कुराकानी तथा भलाकुसारी गर्दा र पालिकाका दस्तावेज समेत केलाउँदा सन् २०२२ को मध्यसम्ममा आइपुग्दा पनि दिगो विकास लक्ष्यको कुरा गाउँ-ठाउँमा पुग्न अझ कति समय लाग्ने हो भन्ने संशय पैदा भएको छ । कोरोना (कोभिड १९) का कारण दुई वर्ष काम ढिला होला, तर सबै दोष कोरोनालाई दिएर अब पन्छिन मिल्दैन । प्रदेश तथा स्थानीय सरकार बढी नै जाग्नुपर्ने, बढ्ता नै लाग्नुपर्ने बेला आएको छ ।

> 'स्थानीय सरकारमा गयो, त्यहाँ त झनै नाजुक अवस्था छ । २०७४ को चुनावपछि पाँच वर्ष त्यसै बित्यो ।'

## समस्याका बारेमा स्थानीय बुझाइ

स्थानीय अन्तर्क्रियाका आधारमा मैले गरेको विश्लेषणले के भन्छ भने स्थानीय सरकारहरूले प्रदेश सरकारबाट पाउनुपर्ने सहयोग पाएका छैनन् । अझ पनि स्थानीय सरकारले सिधै केन्द्रको मुख ताक्ने चलन छ । केन्द्र सरकारको मुख ताक्दा केन्द्रलाई पनि ७५३ सरकारमा पुग्ने कार्य त्यति सजिलो कसरी होला ? प्रदेशलाई नाघेर सिधै स्थानीय तहमा पुग्दा पनि प्रदेशकै गुनासो रहन्छ, नजाँदा पनि प्रदेशको ढिलासुस्ती, अनदेखापन, समन्वय र सहकार्य गर्ने सीप र प्रवृत्तिको अभाव छ । प्रदेश सरकारमा समेत दिगो विकास लक्ष्यको बुझाइमा कमजोर अवस्था छ । ती प्रदेशले स्थानीय सरकारलाई कसरी सहयोग गर्न सक्लान् ?

स्थानीय सरकारमा गयो, त्यहाँ त झनै नाजुक अवस्था छ । २०७४ को चुनावपछि पाँच वर्ष त्यसै बित्यो । पालिकाहरूले आफ्ना दीर्घकालीन वा पाँचवर्षे योजना पनि बनाउन सकेनन् । कतिपयले बनाएका योजनामा पनि दिगो विकास लक्ष्यका कुरा घुस्न सकेका छैनन् । 'दिगो विकास लक्ष्य भनेको कुन चराको नाउँ हो' भनेर सोध्ने पनि कतिपय जनप्रतिनिधि भेटिए । तिनलाई जुनस्तरको तालिम दिनुपर्ने थियो, सफल अभ्यास भएका ठाउँको भ्रमण गराउनुपर्ने थियो र विकास योजना निर्माण तथा कार्यान्वयन प्रक्रियामा जुन हिसाबले सहभागी गराउनुपर्ने थियो, त्यो हुन सकेको पाइएन । समस्या अनेक छन् । नपढेका जनप्रतिनिधिहरू पनि प्रशस्तै छन्, तिनलाई यस्ता कुरा बुझाउन पनि कठिन छ । कतिपय पालिकाका प्रमुखले नयाँ कुरा बुझ्ने र विकासलाई नयाँ तरिकाले सोच्नेभन्दा पनि निर्माण, पुनःनिर्माण र गिट्टी-बालुवा ठेक्कापट्टाका कुरामा मात्र ध्यान दिएको पाइन्छ । त्यस्तो अवस्थामा स्थानीय तहमा दिगो विकासको मुद्दा कसरी दिगो बन्छ ? सिक्न नपाएको कुरा एक ठाउँमा होला, तर मनोवृत्ति, प्रवृत्ति र धारणामा पनि परिवर्तन हुनुपर्ने कुरा अति जरुरी देखिन्छ । पालिकामा छानिएका जनप्रतिनिधिले नै कुरा नबुझेपछि वा नयाँ कुरा लागू गर्ने प्रतिबद्धता नदेखाएपछि त्यस्तो कुरा कसरी गाउँ-गाउँ वा टोल-टोलमा पुग्ला ? समस्या अनेक छन् ।

अझ महिला जनप्रतिनिधिमा यस्ता कुरा त पुग्नै सकेका छैनन् । महिला जनप्रतिनिधिको क्षमता नबढाएसम्म यस्ता कुरा बुझाउन र लागू गर्न कठिन हुने देखिन्छ । अहिले तालिम चलाइरहेका प्रशिक्षण केन्द्र र प्रतिष्ठानहरूका काम पनि प्रभावकारी छैनन् । गुणस्तरको तालिमभन्दा पनि संख्या बढी देखाएर उपलब्धि बढी हासिल भएको देखाउन आतुर देखिन्छन्, त्यस्ता संस्था । पालिकाका जनप्रतिनिधिका धेरै गुनासा छन्, यस्ता कार्यप्रति ।

## के गर्नु पर्छ त ?

टोल-टोल र वडा-वडामा पनि दिगो विकास लक्ष्यबारे जानकारी हुन सके, छलफल हुन सके र टोल तथा वडाहरूबाट पालिकामा आउने योजनाहरूमा दिगो विकास लक्ष्यका भाका समेटिन सकेमा मात्र पालिकाका योजनामा पनि राम्रोसँग दिगो विकास लक्ष्य समाहित हुन सक्नेछ, राम्रोसँग स्थानीयकरण हुन सक्नेछ ।

 

अझ जनप्रतिनिधिमात्र होइन, पालिकामा वा प्रदेशमा काम गर्ने कर्मचारीहरूलाई पनि दिगो विकास लक्ष्य र स्थानीयस्तरमा अपनाउनुपर्ने 'दिगो विकास योजना'बारेमा राम्रोसँग तालिम दिई विज्ञता बढाइदिनु पर्छ । टोल-टोल र वडा-वडामा योजना निर्माण तथा क्षमता विकास कार्यमा सहजीकरण गर्न उनीहरू नै सक्षम हुनुपर्छ । पालिकाका प्रमुख प्रशासकीय अधिकृत र वडाका सचिवहरूलाई पनि यससम्बन्धी विशेष तालिमहरू दिनुपर्छ । साथै, पालिकामा रहेका कृषि, पशु, स्वास्थ्य, शिक्षा, वन, पर्यटन, उद्योगजस्ता शाखाका प्रमुख तथा अन्य कर्मचारीलाई एकमुष्ट आबद्ध गरी वा गठिलो सहकार्य गराई आफ्ना कार्यक्रमहरूलाई दिगो विकास लक्ष्यसँग आत्मसात, आन्तरिकीकरण र मूलप्रवाहीकरण गर्ने तथा ती कार्य भए-नभएको समेत सुनिश्चित गर्ने सबल संयन्त्र हरेक पालिकामा तयार पारिनु पर्छ । वार्षिक बजेट विनियोजन गर्ने, कार्यान्वयन गर्ने एवम् अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यमा पनि सबैको सक्रिय र पारदर्शितापूर्ण सहभागिता र सहकार्य अपरिहार्य हुन्छ भन्ने कुरा कसैले बिर्सन मिल्दैन ।

> 'पालिकामा वा प्रदेशमा काम गर्ने कर्मचारीहरूलाई पनि दिगो विकास लक्ष्य र स्थानीयस्तरमा अपनाउनुपर्ने "दिगो विकास योजना"बारेमा राम्रोसँग तालिम दिई विज्ञता बढाइदिनु पर्छ ।'

साथै, स्थानीय स्तरमा काम गर्ने विभिन्न गैससहरूले पनि आफ्ना कामहरू स्पष्टसँग दिगो विकास लक्ष्यसँग गाँसेर लान सक्नुपर्छ ।

पालिकासँग समन्वय मात्र होइन, 'सहकार्य' नै गर्ने वातावरण मिलाउनु पर्छ । अझ पछिल्लो समयका निजी क्षेत्रले पनि 'संस्थागत सामाजिक उत्तरदायित्व' (सीएसआर) भनेर अनेक काममा सहयोग गर्ने गरेको देखिन्छ । त्यस्ता कामहरू पनि स्थानीय सरकारको दिगो विकासका पहल र लक्ष्यहरूसँग गाँसेर लाँदा राम्रो हुन्छ । स्थानीय सहकारी र अन्य निजी क्षेत्रका कामहरूलाई पनि दिगो विकासमुखी बनाउनु अति जरुरी छ । सकेसम्म 'टुक्रे' विकासलाई भन्दा समग्र र दिगो विकासलाई नै जोड दिऔँ । स्थानीय सामग्री प्रयोग हुने 'हरित विकास'लाई जोड दिऔँ । क्षणिक लाभ हुने काम र भ्रष्टाचारको गन्ध आउने काममा संलग्न नहोऔँ । मधेस प्रदेशमा 'बेटी पढाओ' अभियान निकै राम्रो अभियान हो, तर त्यसमा साइकल किन्दासमेत भ्रष्टाचार भयो भन्ने सुनियो, यो ज्यादै नराम्रो काम हो । अन्य पालिकाबाट पनि बेला-बेलामा भ्रष्टाचार र अत्यन्त धेरै बेरुजू भएका खबर आएका छन् । त्यस्ता खबरले हामीलाई माथि उठ्न दिँदैनन् । हाम्रो विकास जहाँको तहीँ हुनेछ । भ्रष्टाचार र बेथितिको दलदलले दिगो विकासको लक्ष्य हासिल गर्ने यात्रामा वा त्यस्तो सुमार्गमा हामी पुग्नै सक्दैनौँ । सबैले ख्याल गर्नुपर्ने कुरा हो यो ।

## निष्कर्षमा,

दिगो विकास लक्ष्य अर्थात् एसडीजी हाम्रा लागि 'हाउगुजी' होइन, महान अवसर पनि हो । विश्वमा चरमरूपमा बदलिँदै गइरहेको जलवायु परिवर्तन, बढ्दै गइरहेका बहुविषयक भयावह समस्या, भोकमरी र गरिबीको बढ्दो रूप, आदि विभिन्न परिस्थितिसँग जुध्न पनि हाम्रा विकासका प्रयासहरूलाई लामो समय टिक्ने अर्थात् 'दिगो' बनाउने काम गर्नु अति जरुरी छ । त्यसै पहल र प्रयासलाई एसडीजीले सघाउने भएकाले पनि यसको कार्यान्वयनमा हरेक राष्ट्र र राज्यले जोड दिनुपर्ने अवस्था आएको छ । यसका लागि नेपाल राष्ट्रले सोचेको भावनाअनुरूप काम हुनमा सातवटै प्रदेश सरकारहरू र ७५३ वटै पालिका सरकारहरूले जिम्मेवार ढङ्गले अग्रगामी कदम नउठाएसम्म काममा प्रगति आउन कठिन छ । अतः दिगो विकासको सही तवरको 'स्थानीयकरण' र 'मूलप्रवाहीकरण'का लागि सबै प्रदेश तथा पालिकाहरूको सुझबुझपूर्ण प्रतिबद्धता आवश्यक छ । यसका लागि दिगो विकास लक्ष्यमुखी क्षमता विकासमा जोड दिनु अति नै जरुरी भइसकेको छ । नेपानजस्ता संस्थाहरूले यस्ता काममा अझ घच्घच्याउनु पर्छ, सहयोग गर्नु पर्छ र नेपाललाई सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने राष्ट्रहरूको अग्रसूचीमा पार्नुपर्छ ।

(आभार : यो आलेख तयार पार्न नेपानका पूर्वअध्यक्ष एवम् विकासविद् चेतनाथ कणेलको सल्लाह र सहयोग पाएकोमा म उहाँप्रति अत्यन्त आभारी छु - लेखक) ।

***लेखक महेशप्रसाद देव स्वतन्त्र विकासकर्मी तथा हाल नेपानको कार्यसमिति सदस्य हुनुहुन्छ ।***

***Email : maheshdev7@yahoo.com***

सहभागिता
हरेक अङ्क विशेष अङ्क